# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार ३ गते २०४८ साल (अतिरिक्ताङ्क १५

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ अनुसार गठन हुने राष्ट्रिय सभाको देहाय बमोजिमको सदस्यको निर्वाचनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ५ को उपदफा (१) अनुसार निर्वाचन आयोगले २०४८ साल असार १२ गते बुधबारको दिन बिहान ८ बजेदेखि अपरान्ह २ बजेसम्म मतदान हुने गरी मतदानको मिति र समय तोकेको छ ।

(क) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम पैंतीसजना सदस्यमध्ये तीनजना महिला सदस्यको निर्वाचन ।

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेकका अन्य बत्तीसजना सदस्यको निर्वाचन ।

(ग) संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ग) बमोजिम प्रत्येक विकास क्षेत्रबाट तीन-तीनजना सदस्यको निर्वाचन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ बमोजिम गठन हुने राष्ट्रिय सभाको सदस्यहरूको निर्वाचनको प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) बमोजिम निर्वाचन आयोगले संसद सचिवालयको महासचिवको काम गर्ने गरी तोकिएका श्री जीवनलाल सत्याल-लाई निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

आज्ञाले,
अच्युतनारायण राजभण्डारी
निर्वाचन आयोगको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

28Ee